# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
## Dipayal Silgadhi Municipality
## Office of the Municipal Executive, Doti

☎- ४२००९०
- ४२०१६८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np

प.सं. :- ०७८/०७९
च.नं. :- ८६

सिलगढी(Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल
मिति :२०७८/०४/१३

**विषय : जग्गा खरिद सम्वन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा यस डोटी जिल्लामा दि.सि.न.पा. सिलगढी वजार क्षेत्रको वडा नं. ६ र ७ मा त्रिभुवन विश्व विद्यालय अन्तर्गतको ईन्जिनियरिङ्ग आंगिक कलेज संचालन हुने भएकोले सोका लागि करीव १२० देखि १३० रोपनि जग्गा यस नगरपालिकाले खरिद गरी ईन्जिनियरिङ्ग अध्ययन संस्थानको नाममा पास गर्नु पर्ने भएको हुंदा निम्न शर्तको अधिनमा रहि जग्गा विक्रि गर्न चाहने ईच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र के कति दररेटमा उपलव्ध गराउन सकिन्छ । खाम वन्दी दरखास्त दिन हुन सम्वन्धीत सवैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीकालागि अनुरोध छ ।

निम्न

१. जग्गा आवश्यक पर्ने स्थान वडा नं. ६ र ७ को क्षेत्र ।

२. जग्गा प्रतिरोपनिको कति दररेटमा दिन सकिन्छ । सो रकम अंक र अक्षरमा खुलाई खामवन्दी गरी पेश गर्नुपर्नेछ ।

३. जग्गाधनीले जग्गाको लालपूर्जा, ट्रेस नक्सा तथा नागरीकता प्रमाण पत्र को प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. संयूक्त जग्गाधनी पूर्जा भए संयूक्त व्यक्तिको निवदेन पेश गर्नु पर्नेछ ।

५. दरखास्त दिने अन्तिम मिति २०७८।०५।१० गते सम्म सो दिन विदा परे सोको भोलीपल्ट ।

६. दरखास्त स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुने छ ।

७. दरखास्त दिने स्थान दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डोटी रहने छ ।

८. अन्य जानकारीकोलागि यस कार्यालयमा सम्पर्क गर्न सकिन्छ । (सम्पर्क नं. ०९४ ४२०२९७, ९८५८४३२१११)

खेमराज गुरुङ्
नि.प्रमुख प्रशासकीय अधिकृत